# दोधारा चाँदनी नगरपालिकाको

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## २०७९/०८०




२०८० भाद्र १९ गते

परामर्श दाता

शुक्लाफाँटा मिडिया प्रा.लि.

महेन्द्रनगर, कंचनपुर

अशोक प्रसाद पाण्डेय र बिष्णु दत्त अवस्थी

आयोजक:

दोधारा चाँदनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कंचनपुर

# विषय सूची

१. कार्यक्रमको परिचय ........ 3

२. कार्यक्रमको उद्धेश्यः ........ 4

३. दोधारा चाँदनी नगरपालिकाको सामान्य परिचयः ........ 4

४. कार्यक्रम विवरण ........ 6

५. जवाफदेही वक्ताहरु ........ 6

(क) प्रमुख जवाफदेही : ........ 6

(ख) जवाफदेही : ........ 6

(६) सञ्चालन प्रक्रियाः ........ 7

(क) परामर्शदाता छनौट र समन्वयः ........ 7

(ख) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययनः ........ 7

(ग) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन तयारीः ........ 8

(घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसारः ........ 8

(८) कार्यान्वयन चरण ........ 8

९. प्रयोग भएका औजारहरुः ........ 9

१०. वहिर्गमित अभिमत (Exit Poll) ........ 10

११. नागिरक प्रतिवेदन (Citizen Report Card) भाग- १ ........ 11

१२. नागिरक प्रतिवेदन (Citizen Report Card) भाग -२ ........ 15

(९) सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरु तथा जवाफः ........ 22

(१३) कार्यक्रमको सवल पक्षहरुः ........ 23

(१४) निश्कर्ष : ........ 24

(१५) सार्वजनिक सुनुवाईमा सहभगिताः ........ 25

# पृष्ठभूमि

## १. कार्यक्रमको परिचय

सार्वजनिक निकायले प्रवाह गर्ने सेवा र सम्पादन गरेका कामका बारेमा सेवाग्राहीहरुलाई जानकारी गराई त्यस सम्बन्धी सेवाग्राहीहरुका जिज्ञासा मेटाउनुका साथै सेवाग्राहीहरुका सुझावहरुलाई ग्रहणगरी सेवालाई थप प्रभावकारी बनाउनका लागि सुशासनका औजारहरु मध्ये सार्वजनिक सुनुवाई महत्वपूर्ण औजार हो, ।

सार्बजनिक सुनुवाईले सेवाग्राही र सेवाप्रदायक एकै थलोमावसी सेवालाई थप प्रभावकारी बनाउका लागि सहयोग पुरदछ । सार्वजनिक सुनुवाईले सार्वजनिक निकायले दिने सेवाको बारेमा सेवाग्राहीबाट मूल्याङ्कन गर्ने तथा सेवा प्रवाहमा थप सुधार ल्याउने कार्यमा सहयोग गर्दछ । यसले सेवाप्रदायक निकायमा जवाफदेहिता प्रवर्धन गर्नुको साथै पारदर्शीता कायम गर्ने कार्य गर्दछ ।

स्थानीयस्तरमा नागरिक र सेवा प्रदायक निकायबीच सुमधुर सम्वन्ध स्थापित गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउका लागि सेवा प्रदायकले सेवाग्राहीका गुनासा तथा सुझावहरु ग्रहणगरी आगामी दिनमा सेवालाई थप प्रभावकारी बनाउका लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान छ ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागीतामुलक र शुसाशन लगायतका कुरामा प्रतिवद्धता रहेको उल्लेख गरिएको छ । सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा नागरिकलाई सूचना माग्ने, सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरेको छ । सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३० मा प्रत्यक्ष रुपमा सेवा प्रवाह गर्ने हरेक निकायले सार्वजनिक सुनुवाई गराउनुपर्ने कानूनी व्यवस्था छ । ऐनमा सर्वसाधारणलाई सेवा प्रदान गर्ने स्थानीय स्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम कारबाहिलाई स्वच्छ, पारदर्शी र बस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाका विधिसम्वत् सरोकारलाई सम्वोधन गर्न सार्वजनिक सुनुवाई गराउनु पर्ने उल्लेख गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ । सो नियमावलीले सार्वजनिक कार्यालयबाट सेवाग्राहीलाई दिईने सेवा सुविधाको जानकारी दिनुपर्ने, कार्यालयसंग सम्बन्धित जनगुनासो तथा उजुरी संकलन गर्नु पर्ने, कार्यालयबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमको बजेटको जानकारी दिनुपर्ने, सेवाका सकारात्मक तथा नकारात्मक प्रभावबारे सुझाब संकलन गर्नु पर्ने स्पष्ट व्यवस्था गरेको छ ।

यसका साथै सुशासन प्रबर्धन,रणनीति तथा कार्य योजना २०७४, स्थानीयतह बजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, स्थानीयतहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले पनि शुसाशन प्रबर्धनका लागि जोड दिएको छ ।

अहिले देश संघीय साशन प्रणालीमा गएको छ । जस अन्तर्गत स्थानीय, प्रदेश र संघ गरी तीन तहका सरकार रहने व्यवस्थापश्चात स्थानीय तहलाई आफै कानुन बनाउने अधिकार समेत दिएको छ । सार्वजनिक सुनुवाईसंग सम्बन्धित स्पष्ट नयाँ नियम तथा कार्यविधि नबनाउँदासम्म पूरानै नियमहरु तथा प्राबधानलाई पालना गर्नुपर्ने हुन्छ । यसैले दोधारा चाँदनी नगरपालिकाको सेवाग्राही र सेवा प्रदायकबीच सार्वजनिक सुनुवाई कार्यक्रम २०८० भाद्र १९ गते सम्पन्न भएको छ । शुक्लाफाँटा मिडिया प्रा.लि. कञ्चनपुरको प्राविधिक सहयोग तथा नगरपालिकाको आयोजनामा सार्वजनिक सुनुवाइ सम्पन्न भएको हो ।

## २. कार्यक्रमको उद्धेश्यः


- दोधारा चाँदनी  नगरपालिकाको वार्षिक योजना तथा गतिबिधिहरुको लेखाजोखा र मूल्याङ्कन गरी भावि कार्य योजनाका लागि सुझाव संकलन गर्नु ।
- दोधारा चाँदनी  नगरपालिकाको योजना र कार्य सम्पादनको अवस्था विश्लेषण, आगामी योजनाका लागि आवश्यक्ता पहिचान र कार्यान्वयनका प्रतिवद्धता सहितको दस्तावेज तयार गर्नु ।
- दोधारा चाँदनी  नगरपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरीय बनाउने ।
- दोधारा चाँदनी  नगरपालिकालाई जनताप्रति जवाफदेहि बनाई पालिकाको विषयगत ईकाई र सो अन्तरगतका निकायका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जनामा सहयोग गर्नु ।
- कार्यक्रम संचालन गर्दा देखिएका चुनौती, उपलब्धि, सिकाईलाई सार्वजनिक गरी श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने दिने अवसर सृजना गर्नु ।
- विगतका गल्ती, कमजोरीको समीक्षा गरी पुनः दोहोरिन नदिन तथा सेवाग्राही र सेवा-प्रदायकबीच विश्वासको वातावरण सिर्जना गर्न।

## ३. दोधारा चाँदनी नगरपालिकाको सामान्य परिचयः

दोधारा चादँनी नगरपालिका नेपालको सुदुरपश्चिम प्रदेश अन्तर्गत कञ्चनपुर जिल्ला मा पर्दछ । यो नगरपालिका नेपालको महाकाली नदी भन्दा पारी रहेका २ मात्र साविकका चाँदनी र दोधारा गा.वि.स. समावेश गरी स्थापना भएको हो । । नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननिय संघिय मामिला तथा स्थानिय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/१/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकको दोधारा चाँदनी नगरपालिकाको नाम परिवर्तन गरि माहाकाली नगरपालिका घोषणा गरेको थियो। नेपाल सरकार मिति २०७७।०९।१३ को राजपत्रमा प्रकाशित सुचना अनुसार माहाकाली नगरपालिकाको नाम परिवर्तन भई दोधारा चाँदनी नगरपालिका कायम भएको छ । जसमा साविका १० वडाहरु नै कायम गरिएको छ ।

यो नगरपालिका भौगोलिक हिसाबले ८० डिग्री ४ मिनेट देखि ८० डिग्री ०६ मिनेट ३० सेकेन्ड पूर्वी देशान्तरसम्म र २८ डिग्री ४९ मिनेट देखि २८ डिग्री ५९ मिनेट उत्तरी अक्षांशसम्म फैलिएको छ । त्यसैगरी ५६.८४ वर्ग कि.मी. क्षेत्रफलमा रहेको यस नगरपालिकाको उत्तर, पश्चिम र दक्षिणमा भारत रहेको छ भने पूर्वमा भीमदत्त नगरपालिका र शुक्लाफाँट बन्यजन्तु आरक्ष रहेका छन् -। दोधारा चादँनी नगरपालिकाको औषत अधिकतम तापक्रम ३७.५ डिग्री सेल्सियस र न्युनतम तापक्रम ६.९ डिग्री सेल्सियस रहेको पाईन्छ । यस नगरपालिकामा सामुदायिक र संस्थागत गरी ११ वटा माध्यामिक विद्यालय र ३२ वटा आधाभूत विद्यालय गरी जम्मा ४३ वटा शिक्षण संस्थाहरु संचालित छन् । यस नगरपालिकामा बिभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ ।

यस नगरपालिकामा १० वडाहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार, नोकरी र वैदेशिक रोजगारी पनि एक हो । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।







**Table 01:**
**Number of households, population by sex, average household size and sex ratio, NPHC 2021**
Dodhara Chadani Municipality

| Ward | Number of households | Population | | | Average household size | Sex ratio |
|---|---|---|---|---|---|---|
| | | Total | Male | Female | | |
| 1 | 1078 | 5118 | 2333 | 2785 | 4.75 | 83.77 |
| 2 | 935 | 4174 | 1876 | 2298 | 4.46 | 81.64 |
| 3 | 1200 | 5054 | 2131 | 2923 | 4.21 | 72.90 |
| 4 | 1091 | 4718 | 2136 | 2582 | 4.32 | 82.73 |
| 5 | 571 | 2530 | 1133 | 1397 | 4.43 | 81.10 |
| 6 | 880 | 3973 | 1712 | 2261 | 4.51 | 75.72 |
| 7 | 1290 | 5749 | 2469 | 3280 | 4.46 | 75.27 |
| 8 | 771 | 3559 | 1603 | 1956 | 4.62 | 81.95 |
| 9 | 883 | 3985 | 1766 | 2219 | 4.51 | 79.59 |
| 10 | 911 | 4114 | 1769 | 2345 | 4.52 | 75.44 |
| All Wards | 9610 | 42974 | 18928 | 24046 | 4.47 | 78.72 |

## ४. कार्यक्रम विवरण

- मितिः २०८० भाद्र १९ गते
- स्थानः  दोधारा चाँदनी नगरपालिकाको सभाहल
- समयः दिनको ११ बजेदेखि ५ बजेसम्म (६ घण्टा)

## ५. जवाफदेही वक्ताहरु

**(क) प्रमुख जवाफदेही :**



दोधारा चाँदनी नगरपालिकाका
नगर प्रमुख
श्री  किशोर कुमार लिम्बु



दोधारा चाँदनी नगरपालिकाका
उप-प्रमुख
श्री गंगा देवी जोशी



दोधारा चाँदनी नगरपालिकाका
प्रमुख प्रशासकीय अधिकृत
श्री गणेश दत्त मिश्र

**(ख) जवाफदेही :**

दोधारा चाँदनी नगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्री बिक्रम चन्द
दोधारा चाँदनी नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री पदम सिंह रावल
दोधारा चाँदनी नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री हरि सिंह धनाडी
दोधारा चाँदनी नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री भक्त बहादुर सुनार

दोधारा चाँदनी नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री केशव बहादुर खत्री
दोधारा चाँदनी नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री ओम बहादुर बस्नेत
दोधारा चाँदनी नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री ज्ञानेन्द्र बहादुर बहेक क्षेत्री
दोधारा चाँदनी नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष श्री ओम प्रकाश रोकाया
दोधारा चाँदनी नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष श्री गोपी लाल कंडेल
दोधारा चाँदनी नगरपालिका वडा नं. १० का वडा अध्यक्ष श्री चन्द्र बहादुर सिंह


वडा नं. १ अध्यक्ष


वडा नं. २ अध्यक्ष


वडा नं. ३ अध्यक्ष


वडा नं. ४ अध्यक्ष


वडा नं. ५ अध्यक्ष


वडा नं. ६ अध्यक्ष


वडा नं. ७ अध्यक्ष


वडा नं. ८ अध्यक्ष


वडा नं. ९ अध्यक्ष


वडा नं. १० अध्यक्ष

## (६) सञ्चालन प्रक्रियाः

### (क) परामर्शदाता छनौट र समन्वयः

दोधारा चाँदनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयले आयोजना गरेको कार्यक्रमको आवश्यक व्यवस्थापन तथा समन्वय नगरपालिकाले गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको लागि शुक्लाफाँटा मिडिया प्रा.लि.बाट गरिएको प्रस्तावना स्वीकृत भएपछि सहजकर्ताको रुपमा शुक्लाफाँटा मिडिया प्रा.लि. का अध्यक्ष, नेपाल पत्रकार महासंघ कंचनपुरका पूर्व अध्यक्ष तथा ACORAB, का वरिष्ठ उपाध्यक्ष विष्णु दत्त अवस्थी लाइ कार्यक्रमको जिम्मेवारी प्रदान गरिएको थियो । कार्यक्रमको सन्दर्भमा सहजकर्ताले नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाका प्रमुखसंग नियमित समन्वय गर्नु भएको थियो ।

### (ख) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययनः

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के हुन ? कस्ता खालका छन् ? बस्तु तथा सेवा सुविधाहरु कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्नको लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागु भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन एवम नगरपालिकाले कस्तो सेवा सुविधा जनतालाई

उपलव्ध गराएका छन् सो को तुलना गरी छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि, २०६७, सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन-२०७४ आदी विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन गरिएको थियो ।

### (ग) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन तयारीः

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत पत्र अनिवार्य संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को अनुसुचि २ र ३ को ढाँचा अनुसार नागरिक प्रतिवेदन र नागरिक अभिमत परामर्शदाता संस्थाको तर्फबाट विष्णु अवस्थी र अशोक प्रसाद पाण्डेय द्वारा संकलन गरी प्रतिवेदन तयार गरेको हो ।





### (घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसारः

दोधारा चाँदनी नगरपालिकाद्वारा आर्थिक वर्ष २०७९/०८० को बार्षिक प्रगति समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउदै नागरिकहरुको सहभागीता अभिवृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले कार्यक्रम सम्बन्धमा स्थानीय एफ.एम.बाट अडियो सन्देश, नगरपालिकाको वेभसाइट तथा फेसबुक पेज र सबै वडाहरुमा सूचना टाँस गरिनुको साथै टेलिफोन बाट पनि खबर गरिएको थियो ।

कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधिहरु, बिभिन्न राजनैतिक दलका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, पत्रकार लगायतको व्यापक उपस्थिति रहेको थियो ।

## (ङ) कार्यान्वयन चरण

दोधारा चाँदनी नगरपालिकाको आयोजनामा भएको सार्वजनिक सुनुवाई कार्यक्रम सहभागीहरुको सहभागिता ढिलो भए संगै कार्यक्रम निर्धारित समय भन्दा १ घण्टा ढिलो शुरु भएको थियो ।



दोधारा चाँदनी नगरपालिकाका नगर प्रमुख किशोर कुमार लिम्बु को अध्यक्षतामा भएको कार्यक्रममा उप-प्रमुख गंगा देवी जोशी, प्रमुख प्रशासकीय अधिकृत गणेश दत्त मिश्र, दोधारा चाँदनी नगरपालिकाका १ देखि १० नम्बर सम्मका वडा अध्यक्षहरु, राजनैतिक दलका प्रतिनिधि, विभिन्न शाखाका शाखा प्रमुख, पत्रकार तथा अन्य अतिथिहरुलाई आशन ग्रहण गराइएको थियो । शुक्लाफाँटा मिडिया प्रा.लि.का विष्णु दत्त अवस्थी ले सञ्चालन गर्नु भएको कार्यक्रममा आशन ग्रहण पश्चात दोधारा चाँदनी नगरपालिकाका नगर उप-प्रमुख गंगादेवी जोशी ले स्वागत मन्तव्य राख्दै नगरपालिकाले आ.व.२०७९/०८० मा गरेका कार्यक्रमबाट सेवाग्राहीले के कस्तो सेवा प्राप्त गरे र सेवाप्रदायक लाई केही सुझाव भए प्रश्नोत्तर गर्नपाउन भन्ने उदेश्यले कार्यक्रम आयोजना गरिएको बताउनु भयो ।





दोधारा चाँदनी नगरपालिकाका नगर प्रमुख किशोर कुमार लिम्बु ले ब्यानर पढेर कार्यक्रम उद्घाटन भएको घोषणा गर्नु भएको कार्यक्रममा परामर्शदाताको तर्फबाट सहजकर्ता अशोक प्रसाद पाण्डेयले १० वटै वडाहरुबाट संकलन तथा तयार गरिएको नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत प्रतिवेदन प्रस्तुत गर्नुभयो । उहाँले प्राप्त सुझावहरुको समेत प्रस्तुति गर्नुभयो ।





दोधारा चाँदनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश दत्त मिश्रले नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्नुभयो । उहाँले नगरपालिकाले लक्ष्य अनुसारको उपलब्धीको अवस्था र कार्ययोजना बारे प्रस्तुतिकरण गर्नुभयो ।

## ८. प्रयोग भएका औजारहरु:

- Exit Poll: **बहिर्गमन**
- **Citizen Report Card: नागरिक प्रतिवेदन**
- **Focus Group Discuses: समूह छलफल**
- **Interview : अन्तरवार्ता**
- **Direct Field Visit: प्रत्यक्ष अवलोकन**

## बहिर्गमन (Exit Poll) तथा नागरिक प्रतिवेदन (Citizen Report Card ) मा जम्मा सहभागी




## १. बहिर्गमित अभिमत (Exit Poll)

सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यविधि अनुसार नगरपालिकाको विभिन्न वडाका नागरिकसँग प्रत्यक्ष रुपमा कुराकानी गरी नागरिक प्रतिवेदन पत्र (CRC) र बहिर्गमन (Exit Poll) तयार पारिएको थियो। नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राहीले नगरपालिकाबाट सेवा लिंदा प्रत्यक्ष रुपमा भोगेर देखेका कुराहरुलाई समेटेर तयार पारेको प्रतिबेदन हो भने बहिर्गमन भनेको सेवाग्राहीले सेवा प्रदायक बाट सेवा लिई बाहिर निस्केपछि सोधिने प्रश्नावली हो । हामीले दोधारा चादनी नगरपालिका तथा विभिन्न वडामा सेवा लिन आएका नागरिकहरुसँग कार्यविधिमा उल्लेखित प्रश्नावली अनुसार १०० जना नागरिक सँग प्रत्यक्ष कुराकानी गरेर प्रतिवेदन फारम भरेका थियौ । यसमा महिला, दलित, जनजाती, बालबालिका, तथा पिछडावर्ग समेतको सहभागिता रहेको थियो । विभिन्न मितिमा वडाहरुमा भएका बहिर्गमन (Exit Poll ) मा हरेक वडामा सेवाग्राहीलाइ सोधिएका ६ वटा प्रश्नको सन्तुष्टि मापनको नतिजा निकालिएको हो। १० वटा वडाका १०० जना सेवाग्राहीले ६ वटा सूचकहरुको उत्तर दिएका छन् । जुन यसप्रकार छ :

१. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो?

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| ५० | ४२ | ८ |

२. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?

| अति धेरै | ठीकै | थोरै |
|---|---|---|
| २४ | ७० | ६ |

३. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | ठीक गरेनन |
|---|---|---|
| ६० | ४६ | ४ |

४. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| ७० | ३० | ० |

५. तपाईले राख्नुभएका समस्यालाई के—कस्तो समाधान दिए ?

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन |
|---|---|---|
| ४२ | ५५ | ३ |

६. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के— कस्तो लाग्यो ?

| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
|---|---|---|
| ३० | ६० | १० |


## १०. नागिरक प्रतिवेदन (Citizen Report Card) भाग- १

१. सेवाको सन्तुष्टि सम्बन्धी








२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?





२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता )सञ्चालन भएको छ भन्ने कुरामा कतिको प्रशस्त हुनुहुन्छ ?





२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?





२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेकोछ ?




३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको प्रशस्त हुनुहुन्छ ?





३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?




३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कस्तो छ ?




३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?





४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कस्तो सन्तुष्ट हुनुहुन्छ ?





४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?





४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्यो ?





५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?




५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?





५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?




५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?





५.५ परिषदमा राष्ट्रिय नीति निर्देशका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ?





६.१ तपाईको प्रचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?





६.२ तपाईको प्रचारमा सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?









# ११. नागिरक प्रतिवेदन (Citizen Report Card) भाग -२


## १. सिफारिस सम्बन्धी













२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?
११
३६
५३
राम्रो
ठीकै
खराब


२.२ तपाईको बिचारमा नगरपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो क्रमले गर्छ ?
२८
३५
३७
नियमित र राम्रो संग
ठीकै गर्छ
नियमित रुपमा गर्दैन



२.३ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?
३६
५३
११
राम्रो
ठीकै
खराब


२.४ सञ्चालन गरेका योजनाहरु कामको प्रभावकारी छन्?
६०
४०
२०
०
३६
५३
११
Series1
प्रभावकारी छन्
ठीकै छन्
प्रभावकारी छैनन्


२.५ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?
13%
34%
44%
9%
सहज
ठीकै
अप्ठ्यारो
थाहा छैन


२.६ योजनाहरु जाँचपास गर्दा पदाधिकारीहरुलाई रकम दिनुपर्छ ?
८०
७०
६०
५०
४०
३०
२०
१०
०
१३
९
७४
Series1
पर्दैन
मागेरै लिन्छन्
थाहा छैन


२.७ योजना सञ्चालन गर्दा प्राबिधिक सहयोग कत्तिको पाउनुभयो ?





२.८ प्रकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ?





२.९ स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?




२.१० योजना सञ्चालन गर्दा नगरपालिका बाट कत्तिको सहयोग पाउनु भएको छ ?





३.१ आर्थिक श्रोत कस्तो छ ?





३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?





३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?
५६
३९
५
आवश्यक सीप छ
आवश्यकता भन्दा कम छ
सीप निकै कम छ


३.४ नगरपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?
१२०
१००
८०
६०
४०
२०
०
०
०
१००
टाँसेको देखेको छु
कहिले काँही टाँसेको देखिन्छ
कतै देखिएन


३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?
७६
१८
६


३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
28%
40%
32%
सन्तुष्ट
ठीकै
कुनै जानकारी छैन


४.९ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?
६४
३४
२
ठीकै जानकारी पाएको छु
कम जानकारी पाएको छु

कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| राम्रा कामहरु | सुधार गर्नुपर्ने र गुनासो |
| --- | --- |
| स्वास्थ्यका लागि गरिएको प्रयास | सडकबत्ती सबैतिर जडान गर्नुपर्ने |
| सामाजिक सुरक्षा भता घरघरमै वितरण | अमीनले जग्गा नापजाँच गरेको पैसा माग्ने गरेको व्यापक गुनासो छ । |
| छाडा चौपाया व्यवस्थापनको प्रयास | पशुसेवा केन्द्रका चिकित्सक र कर्मचारीबाट कुनै सेवा पाउन नसकेको सबै वडामा गुनासो छ |
| शिक्षामा लागु गरिएको तहगत प्रणाली | भारतको जंगल भएर अएको विजुलीको लाइन परिवर्तन गर्नुपर्ने |
| विपन्न बर्गलाइ आवास | तटबन्ध निर्माण, छाडा चौपायाको पूर्ण व्यवस्थापन, लामखुट्टे मार्ने औषधी छर्कनु पर्ने |

| | |
| --- | --- |
| समस्या परेको बेला जनप्रतिनिधिहरुको उपस्थिति | पर्यटकलाइ अकर्षण गर्ने खालका योजना ल्याउनुपर्ने । तर वडा नं. ४ झोलंगे नजिक निर्माण भइरहेको भ्यु टावर स्थानीयको दिसापेसाव गर्ने स्थानको रुपमा विकास भइरहेको । |
| नगरबासीलाइ सु सुचित गर्ने कार्य | डम्पिङ साइड तोक्नुपर्ने । |
| न्यायिक समिति र मेलमिलाप केन्द्रबाट भइरहेको द्वन्द्व न्युनिकरणको प्रयास | शशस्त्र प्रहरीको व्यवहार सुधारका लागि पहल गरिदिनु पर्ने |
| | कृषकहरुलाइ लगाइएको कर घटाइनु पर्ने र कृषकलाइ अनुदान दिनुपर्ने |
| | कुतियाकभर जोड्ने झोलुगे पुलको बाटो सुधार गर्नुपर्ने<br>जंगली जनावरको अतंक न्यूनिकरणका लागि पहल गर्नुपर्ने । |
| | ड्रग्स सप्लाइ नियन्त्रणमा पहल गर्नुपर्ने |
| | छिटो र दुरस्त अनुगमन /आर्थिक पारदर्शिता /<br>लेखा शाखाका कर्मचारीहरुको बोली व्यवहार नम्र हुनुपर्ने, |

- नागरिक वडापत्र सेवाग्राहीले स्पष्ट देखिने गरि व्यवस्था गर्नु पर्ने ।
- वार्षिक नीति तथा कार्यक्रमको बारेमा सबैलाई जानकारी गराउनु पर्ने ।
- कार्यालयमा सुझाव पेटिका, गाउ टोलमा सूचनाको पहुच हुनुपर्ने ।

**दोधारा चाँदनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश दत्त मिश्र द्वारा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समिक्षा तथा खर्च सार्वजनिकीकरण निम्नानुसार गरियोः-**

| खर्च प्रगति | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | नाम | कूल रकम | खर्च रकम | खर्च प्रतिशत | वाकी रकम |
| १ | दोधारा चादनी न.पा. | २००११२००० | १४९२८८५०० | ७४.६० | ५०८२३५०० |
| २ | शिक्षा | १५०००००० | १३४८०००० | ८९.८७ | १५२०००० |
| ३ | स्वास्थ्य | २६९००००० | २४११९००० | ८९.६६ | २७८१००० |
| ४ | कृषि | २५००००० | २१८१००० | ८७.२४ | ३१९००० |
| ५ | पशु विकास | ३०००००० | २९९९००० | ९९.९७ | १००० |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ६२७५००० | ४५७१००० | ७२.८४ | १७०४००० |
| ७ | विपद व्यवस्थापन कोष | ७३०१००० | ४५८००० | ६.२७ | ६८४३००० |
| ८ | नागरिक आरोग्य केन्द्र | ६००००० | ५८५००० | ९७.५० | १५००० |
| ९ | लघु उद्यम विकास कार्यक्रम | २९००००० | २६४१००० | ९१.०७ | २५९००० |
| १० | राष्ट्रिय परिचयपत्र तथा पंजिकरण | १५०५००० | १४७१००० | ९७.७४ | ३४००० |
| ११ | सूचना प्रविधि शाखा | २०००००० | १४३०५०० | ७१.५३ | ५६९५०० |
| १२ | महिला, वालवालिका तथा वेष्ठ नागरिक | १७००००० | १०२४००० | ६०.२४ | ६७६००० |
| १३ | नगर प्रमुख कार्यक्रम | ५६००००० | ५१३८००० | ९१.७५ | ४६२००० |
| १४ | नगर उपप्रमुख कार्यक्रम | ५५००००० | ५०१९००० | ९१.२५ | ४८१००० |
| १५ | गत आ.व.को भुक्तानी वांकी | २०८२३००० | २०३०९००० | ९७.५३ | ५१४००० |
| १६ | वडा नं. १ | ५२४६००० | ५०४०९२३.२० | ९६.०९ | २०५०७६.८ |
| १७ | वडा नं. २ | ५२४६००० | ४८५०२२९.२० | ९२.४६ | ३९५७७०.८ |
| १८ | वडा नं. ३ | ५२४६००० | ४९५४४६२.२० | ९४.४४ | २९१५३७.८ |
| १९ | वडा नं. ४ | ५२४६००० | ५०२५०७९.२० | ९५.७९ | २२०९२०.८ |
| २० | वडा नं. ५ | ५२४६००० | ४७२३८९४.२० | ९०.०५ | ५२२१०५.८ |
| २१ | वडा नं. ६ | ५२४६००० | ५०३२०३९.२० | ९५.९२ | २१३९६०.८ |
| २२ | वडा नं. ७ | ५२४६००० | ५१०५३२२.२० | ९७.३२ | १४०६७७.८ |
| २३ | वडा नं. ८ | ५२४६००० | ५००५७४३.२० | ९५.४२ | २४०२५६.८ |
| २४ | वडा नं. ९ | ५२४६००० | ५०४११७५.२० | ९६.१० | २०४८२४.८ |
| २५ | वडा नं. १० | ५२४६००० - | ४९७४४९६.७० | ९४.८२ | २७१५०३.३ |
| २६ | संघीय समपूरक तथा विशेष अनुदान | २०००००००० | १८५०३०००.०० | ९२.५२ | १४९७००० |
| २७ | प्रदेश समपूरक तथा विशेष अनुदान | ५०००००० | ४३३४०००.०० | ८६.६८ | ६६६००० |
| २८ | तराई मधेश सम्वृद्धि कार्यक्रम | ५५००००० | ४६२७४४१.०० | ८४.१४ | ८७२५५९ |
| २९ | सशर्त अनुदान | २०६१५६००० | १८१४२२००० | ८८.०० | २४७३४००० |
| | **जम्मा** | **५९०८३२०००** | **४९३३५३८०६** | **८३.५०** | **९७४७८१९४.५** |

| योजना प्रगति | | | | |
|---|---|---|---|---|
| सि.नं. | नाम | योजना संख्या | कूल रकम | खर्च रकम |
| १ | दोधारा चाँदनी न.पा. | | २००११२००० | १४९२८८५०० |
| २ | शिक्षा | १८ | १५०००००० | १३४८०००० |
| ३ | स्वास्थ्य | ११ | २६९००००० | २४११९००० |
| ४ | कृषि | ८ | २५००००० | २१८१००० |
| ५ | पशु विकास | ५ | ३०००००० | २९९९००० |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १५ | ६२७५००० | ४५७१००० |
| ७ | विपद व्यवस्थापन कोष | १ | ७३०१००० | ४५८००० |
| ८ | नागरिक आरोग्य केन्द्र | ६ | ६००००० | ५८५००० |
| ९ | लघु उद्यम विकास कार्यक्रम | ९ | २९००००० | २६४१००० |
| १० | राष्ट्रिय परिचयपत्र तथा पंजिकरण | ८ | १५०५००० | १४७१००० |
| ११ | सूचना प्रविधि शाखा | ६ | २०००००० | १४३०५०० |
| १२ | महिला, बालबालिका तथा वेष्ठ नागरिक | १७ | १७००००० | १०२४००० |
| १३ | नगर प्रमुख कार्यक्रम | १८ | ५६००००० | ५१३८००० |
| १४ | नगर उपप्रमुख कार्यक्रम | २३ | ५५००००० | ५०१९००० |
| १५ | गत आ.व.को भुक्तानी वांकी | ६ | २०८२३००० | २०३०९००० |
| १६ | वडा नं. १ | २२ | ५२४६००० | ५०४०९२३.२० |
| १७ | वडा नं. २ | ३१ | ५२४६००० | ४८५०२२९.२० |
| १८ | वडा नं. ३ | ३० | ५२४६००० | ४९५४४६२.२० |
| १९ | वडा नं. ४ | ३२ | ५२४६००० | ५०२५०७९.२० |
| २० | वडा नं. ५ | ३२ | ५२४६००० | ४७२३८९४.२० |
| २१ | वडा नं. ६ | १९ | ५२४६००० | ५०३२०३९.२० |
| २२ | वडा नं. ७ | ३५ | ५२४६००० | ५१०५३२२.२० |
| २३ | वडा नं. ८ | २६ | ५२४६००० | ५००५७४३.२० |
| २४ | वडा नं. ९ | २३ | ५२४६००० | ५०४११७५.२० |
| २५ | वडा नं. १० | ३४ | ५२४६००० | ४९७४४९६.७० |
| २६ | संघीय समपूरक तथा विशेष अनुदान | २ | २०००००० | १८५०३०००.०० |
| २७ | प्रदेश समपूरक तथा विशेष अनुदान | २ | ५०००००० | ४३३४०००.०० |
| २८ | तराई मधेश सम्वृद्धि कार्यक्रम | २ | ५५००००० | ४६२७४४१.०० |
| २९ | सशर्त अनुदान | | २०६१५६००० | १६५६९७००० |
| | **जम्मा** | ४४१ | **५९०८३२०००** | **४७७६२८८०५.५** |

फेसवुक मार्फत प्रत्यक्ष प्रशारण भएको कार्यक्रममा त्यसपश्चात सेवाग्राही र नगरपालिका बीच हाकाहाकी प्रश्नोत्तरको लागि अनुरोध गरियो। त्यस पूर्व सार्वजनिक सुनुवाई कार्यक्रमको आचार संहिता बारे जानकारी गराउदै आचार संहिताको पूर्ण पालना गर्न प्रश्नकर्ता र जवाफदेही वक्ताहरुलाई सहजकर्ताको तर्फबाट विष्णु





दत्त अवस्थीले अनुरोध गर्नुभयो । सहभागीहरुलाई सहजकर्तले क्रमश हात उठाए अनुसार प्रश्न सोध्ने समय प्रदान गर्नु भएको थियो भने प्रमुख जवाफदेही वक्ताको रुपमा रहनु भएका नगर प्रमुख, नगर उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले जवाफ दिनु भएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरुको जवाफ दिदै नगर प्रमुख किशोर कुमार लिम्बुले नागरिक प्रतिवेदन तथा बहिर्गमन प्रतिवेदनले औंल्याएका बुदाहरुमा व्याख्या गर्दै नगरपालिकाका कमिकमजोरी लाइ आगामी दिनमा सुधार गर्दै लैजाने बताउनु भयो ।

## १२. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरु तथा जवाफः

| क्र.स. | प्रश्नकर्ताको नाम, थर, ठेगाना | प्रश्न,गुनासो,सुझाव | जवाफ दिने व्यक्ति | जवाफको व्यहोरा |
|---|---|---|---|---|
| १ | पुरन कुमाल | बिद्धुत अनिमियता भयो | मेयर | १करोड ६०लाखको ठेक्का भइसकेकोले छिटो समस्या समाधान हुन्छ |
| २ | हर्क बहादुर थापा | तालिमहलमा AC किन लगाउनु भएन ? | मेयर | बजेटले भ्याए लगाउने |
| ३ | कुसान सिंह साउद | चादनी बजारको ढल निकासको समस्या समाधान कहिले हुन्छ ? | मेयर | ढल निकासको समस्या प्रति हाम्रो ध्यानाकर्षण भएको छ |
| ४ | पृथ्वी शाही | बिजुलीको तारहरु जथाभावी झुण्डिएका छन् व्यवस्थापन कहिले हुन्छ ? | मेयर | व्यवस्थापनको लागि निरन्तर लागिरहेका छौं |
| ५ | किशोर आग्री | प्राविधिकले पैसा माग्नेकुरा केहो ? | मेयर | प्राविधिकले पैसा माग्नेकुरा भन्छन तर मैले दिए भनेर कसैले भन्दैनन, प्रमाण ल्याउनुस कारवाही हुन्छ / |

| | | | | |
|---|---|---|---|---|
| ६ | तमाङ् सिंह गुरुङ | वडाहरुमा कृषि बजेट के आधारमा छुट्याउनु भो ? | मेयर | सर्वापक्षीय भेला गरेर निर्णय गरेको हो |
| ७ | रमेश भण्डारी | निजले आचारसंहिता उल्लंघन गरेकोले परामर्शदाताले माइक खोसेको | | |
| ८ | बीरबहादुर शाही | चादनीको पानीटंकी किन कहिले सुचारु हुन्छ ? | मेयर | छिटो हुन्छ |
| ९ | भरत भट्ट | जग्गा नापजाच र वर्गिकरण किन ढिलो भयो ? | मेयर | आधुनिक मेसिन आइसकेकोले अब ६ महिनामै सकाउछौ |
| १० | दिल बहादुर सिंजाली | उपभोक्ता समिति गठन गर्दा सार्वजनिक सूचना किन गर्दैन् ? | मेयर | सूचना नगर्ने गरेको भए सम्बधित समिति लाइ सार्वजनिक सूचना गर्नको लागि निर्देशन दिन्छु |
| ११ | खिमा चन्द | घरेलु हिंसा बढिरहेको छ रोकथामको के कार्यक्रम छ | उप-मेयर | महिला तथा बालबालिका का अधिकार सम्बन्धि १६ दिने अभियान वाट धेरै कार्यक्रम गरेका छौ |
| १२ | रमेश सिंह साउद | खानेपानीको जाच हुनुपर्ने, खेल शिक्षकलाइ प्रशिक्षण दिनुपर्ने (सुझाव ) | | |
| १३ | रमेश चन्द | खेलकूदमा किन लापरवाही हो ? | मेयर | सक्दो सहयोग गर्न हामी तत्पर छौ |

## (१३) कार्यक्रमको सवल पक्षहरुः

### नगरपालिकाले गरेका मुख्य मुख्य क्रियाकलापहरु :

१) देश भरीका ७५३ वटै स्थानीय तहहरुमा सवभन्दा पहिले वजेट स्वीकृत गर्ने नगरपालिका ।

२) EFT प्रणालीवाट रकम भुक्तानी गर्ने सुदूरपश्चिमको पहिलो नगरपालिका ।

३) कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम तयार भई यस आ.व.वाट कक्षा ८ को एउटा विषय स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक तयार भई पठन पाठन शुरु गरिएको ।

४) विपद् व्यवस्थापनका क्षेत्रमा यस नगरपालिकाको वडा नं. १० को कुतियाकवरमा सुरक्षित आश्रय स्थल भवन निर्माण ।

५) दोधारा प्राथमिक स्वास्थ्य केन्दलाई दोधारा चादनी अस्पतालमा स्तरोन्नती गरी सामान्य शल्य चिकित्सा सहित अन्तरंग सेवा शुरु गरिएको ।

६) विपद् व्यवस्थापनका लागि १०० जना युवाहरु सम्मिलित उत्थानशील युवा संजाल गठन गरी कार्य संचालन गरिएको ।

७) छाडा पशु चौपाया व्यवस्थापन ।

८) सामाजिक सुरक्षा भत्ता टोल टोलमा वितरण तथा अशक्त अपाङ्गहरुलाई घरघरमा सामाजिक सुरक्षा भत्ता वितरण ।

९) शैक्षिक गुणस्तर परिक्षण गरी विद्यालयको गुणस्तर अभिबृद्धिका लागि पृष्ठपोषण दिईएको ।

१०) शिक्षकहरुको मासिक रुपमा तलव भत्ता भुक्तानी गर्ने गरिएको ।

११) तहगत स्थायी शिक्षक मात्र विद्यालयको प्रधानाध्यापक नियुक्त हुने व्यवस्था अनिवार्य रुपमा लागु गरिएको ।

१२) महाकाली नदिको नदिजन्य पदार्थको रोयल्टी सम्वन्धी ठेक्का व्यवस्थापन गरी राजश्व वृद्धि भएको ।

१३) आन्तरिक श्रोत संकलनका अन्य ठेक्का व्यवस्थापन गरी राजश्व अभिवृद्धि भएको ।

१४) नागरिक आरोग्य केन्द्रवाट पञ्चकर्म सेवाको थालनी गरिएको ।

१५) Online; सूचना प्रवाहको थालनी गरिएको ।

१६) वजार अनुगमन कार्यको थालनी गरिएको ।

१७) अवैधानिक तवरमा संचालित मेडिकल पसलहरु वन्द गरिएको ।

१८) नदि नियन्त्रणका योजनाहरु संचालनमा रहेका ।

१९) संघीय सरकार तथा प्रदेश सरकारसंग पहल गरी सडक कालोपत्रेका योजनाहरु संचालनमा रहेका ।

२०) नगरपालिका कार्यालय परिसरमा सि.सि.टि.भी. जडान गरी सुरक्षा निगरानी वढाईएको ।

२१) भारतीय राजदूतावासमा पहल गरी निशुल्क रुपमा एम्वुलेन्स प्राप्त गरी संचालनमा ल्याईएको ।

२२) महाकाली नदिमा रहेको चार लेनको पक्की पुलमा स्वचालित जलस्तर मापन प्रणाली जडान गरिएको ।

२३) विपद व्यवस्थापनका लागि आपतकालीन सूचना केन्द्र स्थापना गरिएको ।

२४) विपदका समयमा अति आवश्यक उपभोग्य वस्तु उपलव्ध गराउनका लागि स्थानीय व्यपारीहरुसंग सम्झौता गरिएको ।

२५) विभिन्न गैससहरुसंग विपद प्रतिकार्यका लागि समन्वय गरी कार्य संचालन गरिएको ।


२६) नगर हेल्प डेस्क स्थापना गरी सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गरिएको ।


## (१४) निश्कर्ष :


दोधारा चादनी नगरपालिकाको काम कारवाही, सेवाप्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच प्रत्यक्ष प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । दोधारा चादनी नगरपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईको दौरानमा नागरिकहरुले खानेपानी समस्या, सडक पूर्वाधार, शिक्षा, फोहरमैला व्यवस्थापन, महिला हिंसा न्यूनिकरण लगायत विषयमा प्रश्न, चासो र जिज्ञासा सहित सुझाव दिएका थिए । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुख, पत्रकार लगायतको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा उल्लेख्यमात्रामा सहभागीता रहेको थियो ।


सहभागी नागरिकहरुले नगरपालिकाले निरन्तर सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न सुझाव दिएका थिए ।कार्यविधिले व्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्नसके कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

## (१५) सार्वजनिक सुनुवाईमा सहभगिता/ फोटोहरुः



























सुनवाई कार्यक्रम


सार्वजनिक सेवाको पारदर्शिता तथा गुणस्तरीयताको लागि
सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८० भदौ १९ गते
स्थान: दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर
समय: दिउँसो ११:०० बजे
परामर्शदाता
शुक्लाफाँटा मिडिया प्रा.लि.
कञ्चनपुर
आयोजक
दोधारा चाँदनी नगरपालिका
कञ्चनपुर


सार्वजनिक सुनुवाई कार्यक्रम


सार्वजनिक सुनुवाई कार्यक्रम









SHOT ON OPPO


SHOT ON OPPO


SHOT ON OPPO


SHOT ON OPPO


SHOT ON OPPO


SHOT ON OPPO




SHOT ON OPPO


SHOT ON OPPO

